मितिः २०८१/०८/०७

# प्रेस नोट

## राष्ट्रिय कर दिवस, २०८१

"कर प्रणालीको सार, लगानीको आधार" भन्ने मूल नाराका साथ राष्ट्रिय कर दिवस, २०८१ मनाईएको छ । कर शिक्षाको माध्यमबाट कर सहभागितामा जोड दिई कराधार फराकिलो बनाउँदै जाने ध्येयका साथ सरोकारवालाहरुसंग सामूहिक रुपमा तथा संस्थागत सहकार्यमा अन्तरसम्वाद, छलफल गरी व्यापक प्रचार प्रसार र कर सचेतना बढाउन यही मंसिर १ देखि ७ गतेसम्म विभिन्न कार्यक्रम गरी यस करदाता सेवा कार्यालयले कर सप्ताह मनाएको हो ।

कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारी र सरोकारवालाको उपस्थितिमा यस कार्यालयबाट मिति २०८१ मंसिर १ गते कर सप्ताहको शुभारम्भ भयो ।

कर सप्ताहको पहिलो दिन शुभकामना आदान-प्रदान, दोस्रो दिन कार्यालयमा सेवा लिने पहिलो सेवाग्राही करदातालाई पुष्पमालाले स्वागत गरिएको, राष्ट्रिय कर दिवसको मूल नारा र कर सम्बन्धी सन्देशमूलक सूचना सहितको व्यानर र प्रचार सामाग्रीहरु कार्यालय तथा मूख्य मूख्य स्थानमा राखि प्रचार प्रसार गरियो । कर सप्ताहभर सामाजिक सञ्जाल, अनलाईन वेवसाइटहरुमा कर सम्वन्धी जनचेतनामूलक सामाग्री र आर्थिक ऐन, २०८१ ले दिएका छुट र सुविधाको श्रव्य, दृश्य माध्यामबाट प्रसारण गरियो ।

कर सप्ताहको अन्तिम दिन मंसिर ७ गते श्रीमान् प्रमुख जिल्ला अधिकारी, जिल्ला समन्वय अधिकारी, गुलरिया नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत, प्रमुख कोष नियन्त्रक, प्रहरी प्रमुख, सशस्त्र प्रहरी प्रमुख, भन्सार अधिकृत, घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख, जिल्ला स्थित उद्योग वाणिज्य संघका अध्यक्षहरु, जिल्ला स्थित विभिन्न संघ संगठनका अध्यक्ष लगायत विभिन्न प्रतिनिधि तथा सरोकारवालाहरुको उपस्थितिमा कर सप्ताह समापन समारोह कार्यक्रमको आयोजना गरियो । यस अवसरमा श्रीमान् प्रमुख जिल्ला अधिकारीबाट आर्थिक वर्ष २०७९/०८० मा सबैभन्दा धेरै आयकर दाखिला गर्ने करदाता र उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गरिएको छ ।